सन् 2026 अगस्ट No.79

ジョイ・リブ

# JKK टोकियो सञ्चारपत्र JoyLiV

JoyLiV PDF संस्करण

JKK東京
ひとと、くらしをあったかく。

[जारीकर्ता] Tokyo Metropolitan Housing Supply Corporation; Public Housing Division; Public Housing Management Section
(टोकियो महानगर आवास आपूर्ति निगम; सार्वजनिक आवास परियोजना डिभिजन; सार्वजनिक आवास व्यवस्थापन फाँट)
〒150-8543 Tokyo-to Shibuya-ku Shibuya 1-15-15 Terrace Shibuya Mitake

गर्मीमा स्वस्थ रहने बानी बसाल्न सुरु गरौं

沸とう京

टोकियो महानगर लू प्रतिकदम पोर्टल साइट

## विषयसूची


- सुजुमिदोकोरो (सितल लिने ठाउँ) खुल्ला गरिने सूचना ······ 2
- JKK स्माइल एसिस्टेन्टको गतिविधि रिपोर्ट ······ 3
- स्वास्थ्य स्तम्भ : दादुरा (हासिका) बारेमा अहिले थाहा पाइराख्न पर्ने कुरा ······ 4
- फर्निचर ढल्न रोक्ने उपाय ······ 5
- जेष्ठ नागरिक लक्षित "रेखदेख सेवा"को परिचय ······ 6
- आकस्मिक सम्पर्क ठेगाना परिवर्तनको सूचना तथा घरमा कोही नहुने सूचना दर्ताको लागि अनलाइन आवेदन प्रक्रिया सुरु ······ 6
- आवासको आवरण परिवर्तन बारेमा ······ 7
- पानी चुहावटका दुर्घटना प्रति सावधानी अपनाऔं ······ 8
- हानिनोक्सानी बिमामा सामेल हुने बारे विचार गरौँ ······ 8
- तातोपानी आपूर्ति उपकरण प्रतिस्थापन-कार्य सम्बन्धी सूचना ······ 9
- यान्त्रिक पद्धतिको पार्किङ स्थल उपयोग बारे ······ 10
- आचुमारे (भेला होऊ) ! JKK Kids ······ 11
- UTOJIRA भएको चित्र बनाउने आर्ट कन्टेस्ट ······ 11
- "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)" को टेलिफोन नम्बर ······ 12
- खाताबाट स्वचालित कटौतीसम्बन्धी जानकारी ······ 12
- JKK सँग आबद्ध निर्माण-कार्य गर्ने कार्यालयले विपद् प्रभावित क्षेत्रमा गरेको सहायताको परिचय ······ 12


## उपयुक्त उपाय अपनाएर लू लाग्नबाट बचौँ !

### बारम्बार झोलिलो पदार्थ सेवन गर्ने

प्यास लाग्नु अगाडि नै पानी पिउने कुरामा ध्यान दिने

एक घण्टामा एक पटक, आधा कप जति

### कुलिङ्ग सेल्टर आदिको प्रयोग गर्ने

बाहिर निक्लिएको बखतमा छिनछिनमा सितल ठाउँमा गएर विश्राम लिने

### बिना हिच्किचाहट एयर कण्डिशनर प्रयोग गर्ने

अव्यवहारिक रूपमा बिजुली बचत नगरीकन, राती पनि मज्जाले एयर कण्डिशनर प्रयोग गर्ने

### वरिपरिका मानिसहरूसँग बोलचाल गर्ने

परिवार, मित्रजन, छिमेकीहरूले एक आपसमा बोलचाल कायम राख्ने

### सितल हुने पहिरन लगाउने लगायतको जुक्ती अपनाउने

हावा पस्ने, र छिट्टै सुक्ने खालका आरामदायी लुगाहरू छान्ने

### टोकियो हिट म्याप, हिट चेकर हेर्ने

तापक्रम मात्र नभएर, आर्द्रता र घामको चर्कोपनालाई समेत मध्यनजर गरिएको 'गर्मी सूचकाङ्क' हेर्ने

लू सतर्कता अलर्ट जारी भइरहेको

### गर्मीबाट जोगिने सामानहरू उपयोग गर्ने

घाममा ओढ्ने छाता, टोपी जस्ता गर्मीबाट जोगिने वस्तुहरू प्रयोग गर्ने

### नियमबद्ध तथा व्यवस्थित जीवनशैली अपनाउने

पर्याप्त मात्रामा सुत्ने र सन्तुलित आहारमा ध्यान दिने

**लू सम्बन्धित जानकारीहरू सम्प्रेषण भइरहेको !**

**कुलिङ शेल्टर, TOKYO कुल सेयर स्पट टोकियो हिट म्याप**

**गर्मीबाट जोगिने सामानहरूको प्रतियोगिता पुरस्कृत सामानको परिचय**


**एम्बुलेन्स बोलाउने कि नबोलाउने दोमन भएमा...**

Tokyo Fire Department Emergency Medical Consultation Center
टेलिफोन #7119
( परामर्श चिकित्सा टिम 24 सै घण्टा, 365 दिन उपलब्ध )

# सितल लिने ठाउँ

## आरामदायी तथा रमाइलो समय ♪

बुकिङ
आवश्यक नपर्ने
सहभागिता निःशुल्क
स्वतन्त्र रूपमा
आउ-जाउ गर्न सकिने



**वातानुकूलित कम्युनिटि सलोनमा आरामदायी समयको आनन्द लिनुहोस्।**
**त्यो दिनमा, JKK स्माइल एसिस्टेन्टहरूद्वारा आयोजित कार्यक्रम समेत हुनेछ।**

### खुल्ने ठाउँ, खुल्ने समय

◆ **Calmest Musashi Koganei**
सेप्टेम्बर 12 तारिख (शनि) 10:00 ~ 11:00 बजे



(फोटो: गत वर्षको एक झलक)

◆ **Calmest Okuranomori**
सेप्टेम्बर 15 तारिख (मङ्गल) 10:00 ~ 11:30 बजे



(फोटो: गत वर्षको एक झलक)

त्यस बाहेक, विभिन्न आवासहरूमा "सुजुमिदोकोरो (सितल लिने ठाउँ)" सञ्चालन गर्ने योजना छ।
सञ्चालन स्थल, मिति र समयबारे विस्तृत जानकारी पाउनका लागि, यस निगमको वेबसाइट हेर्नुहोला।

### JKK कुलिङ स्पट

केही खान्-रि जिमुस्यो (व्यवस्थापन कार्यालय)हरूमा, लूबाट बच्ने एउटा उपाय स्वरूप "JKK कुलिङ स्पट" उपयोग गर्न सक्नुहुनेछ। विस्तृतमा यस निगमको वेबसाइट हेर्नुहोस्।

*कुलिङ स्पट : लू लाग्न नदिनका लागि, गर्मीबाट बच्न अस्थायी रूपमा विश्राम लिन सकिने स्थान

# JKK स्माइल एसिस्टेन्टको गतिविधि रिपोर्ट

## निगालो बाँसको सजावट कार्य तथा ओयुजुरी मार्शे-बजारमा अन्तरक्रिया
## —Calmest Sakura Shimmachi "KOKO Hiroba～यहाँबाट जोडिन सुरु～" —

सन् 2026 जुन 17 तारिखमा, सेतागाया-कु को JKK आवास "Calmest Sakura- Shinmachi" मा, बालबच्चा हुर्काइरहेका घरपरिवारको लागि अन्तरक्रिया कार्यक्रम "KOKO Hiroba～यहाँबाट सम्बन्ध जोडौँ～" आयोजना गरियो। कार्यक्रममा, तानाबाता मनाउनका लागि निगालो बाँसको सजावट बनाउने कार्य या साइज नमिल्ने भएका बच्चाहरूको लुगा साट्न सकिने "ओयुजुरी मार्शे-बजार" सञ्चालन गरी, बाबुआमा तथा बालबच्चाले रमाउँदै अन्तरक्रिया गरेको दृश्य देख्न सकियो।

### "यहाँ" बाट सम्बन्ध जोड्ने बासस्थान बनाउने

"KOKO Hiroba" भनेको, बालबच्चा हुर्काइरहेका घरपरिवारहरूलाई निर्धक्कसँग समय बिताएर बस्न मिल्ने ठाउँ उपलब्ध गराउने तथा आवासमा बसोबास गर्ने बासिन्दाहरूको बीचमा आपसी सम्बन्ध जोड्ने अवसर सिर्जना गर्ने उद्देश्यले JKK स्माइल एसिस्टेन्टद्वारा योजना बनाई आयोजना गरिएको कार्यक्रम हो।
यसको नाममा, "यहाँ आएर खेलौँ" "यहाँबाट सम्बन्ध जोडौँ" भन्ने अर्थका साथै, बच्चा (KO) र बच्चा (KO)बीचको भेटघाट, यहाँ बसोबास गर्ने बासिन्दाहरूले आत्मीयता महसुस गर्न सक्ने र ढुक्क हुन सक्ने स्थान बनोस् भन्ने चाहना समेटिएको छ।

### निगालो बाँस सजावटको क्रममा विस्तार भएको अन्तरक्रिया

बालबालिकाहरूले निगालो बाँसको सजावट बनाउने क्रममा, ओरिगामी कागजका टुक्राहरू संयोजन गरी, आफूलाई मनपर्ने रङ र आकारहरू छनौट गर्दै आफ्नै विशेषता झल्कने आकर्षक सजावटहरू बनाए। त्यसपछि उनीहरूले पहिले नै तयार गरिएको निगालो बाँसको हाँगामा आफ्ना मनोकामनाहरू समेटेर झुण्ड्याए। साथै, सजावट पूरा भएको निगालो बाँसलाई बसोबास स्थलमा मौसमी सौन्दर्यता फैलिने गरीकन प्रवेशद्वारमा सजाएर, त्यहाँ बसोबास गर्ने व्यक्तिहरूले आफूखुसी मनोकामना लेखिएका साना ट्यागहरू झुण्डाउन मिल्ने व्यवस्था गरियो।

### ओयुजुरी मार्शे-बजारमा जन्म हुने संवाद

एकै समयमा आयोजना गरिएको "ओयुजुरी मार्शे-बजार"बाट, बच्चाको लुगाको साइज या डिजाइनको कारणले कुराकानी बढ्दै गएर, JKK स्माइल एसिस्टेन्टको लागि समेत, त्यहाँ बसोबास गर्ने बासिन्दाहरूको जीवनगुजारा सम्बन्धमा थाहा पाउने अवसर बन्न गयो।
यी अन्तरक्रियाहरू मार्फत प्राप्त भएको प्रतिक्रियालाई JKK स्माइल एसिस्टेन्टहरूले आगामी दिनका पहलहरूमा समेट्दै, अगाडि पनि सम्पूर्ण बसोबासीहरूलाई एकआपसमा जोड्ने अवसर सिर्जना गरी, निर्धक्क भएर जीवन बिताउन सकिने समुदाय निर्माणमा सपोर्ट जारी राख्नेछन्।





**JKK स्माइल एसिस्टेन्ट भन्नाले**
JKK आवासमा बसोबास गर्नुहुने महानुभावहरूबीच अन्तरक्रिया गर्ने अवसर मिलाइदिने या सामुदायिक गतिविधि गर्न सहयोग गर्ने विशेषज्ञ स्टाफ हुन्।

### JKK स्माइल एसिस्टेन्ट तथा JKK टोकियोले प्रयोग गर्ने सामाजिक सञ्जालको परिचय

कार्यक्रमको सूचना या दैनिक गतिविधि र जीवन गुजारा गर्दा उपयोगी हुने सूचनालाई JKK स्माइल एसिस्टेन्ट या JKK टोकियोले सामाजिक सञ्जाल मार्फत सम्प्रेषण गर्ने गरेका छन्। तलको द्विआयामी कोडबाट एक्सेस गरी नवीनतम सूचना हेर्ने गर्नुहोला।




यतापनि फलो गर्नुहोस् है !

JKK टोकियोको आधिकारिक Instagram

स्वास्थ्य स्तम्भ

# दादुरा (हासिका) बारेमा अहिले थाहा पाइराख्न पर्ने कुरा



**अहिले दादुरा (हासिका)को वृद्धि ठूलो समस्या भएर आएको छ। महानगर भित्र सेवा प्रदान गर्ने प्रतिष्ठानहरूमा दादुराको सामुहिक सङ्क्रमण फैलिएर, Shinjuku-ku वडाको प्राथमिक विद्यालयमा, दादुराले गर्दा एक शैक्षिक तहका सबै विद्यार्थीहरूको कक्षा सञ्चालन अस्थायी रूपमा बन्द गरिएको घटना समेत रिपोर्ट गरिएको छ। इन्फ्लुएन्जा प्रकोपको समयमा बेलाबेलामा एक शैक्षिक तहका सबै विद्यार्थीको कक्षा बन्द हुने गर्छ तर, टोकियो महानगर भित्र दादुराले गर्दा यस्तो घटना भएको 14 वर्ष यता कै पहिलो पटक हो।**



Tokyo Metropolitan
Komagome Hospital
सरुवा रोग विभाग
विभाग प्रमुख: Akifumi Imamura

## दादुराको डरलाग्दो सङ्क्रमण क्षमता

दादुरा भनेको भाइरस सङ्क्रमणको कारणले हुने एक रोग हो, जसमा ज्वरो आउने र शरीरमा बिमिराहरू निस्कने जस्ता लक्षणहरू देखिन्छन्।
दादुराको सङ्क्रमण क्षमता अत्यन्तै उच्च हुन्छ, र भाइरस हावामा तैरिने भएकोले "वायुजन्य सङ्क्रमण" द्वारा सङ्क्रमण फैलिँदै जान्छ। दादुराको विशिष्ट लक्षण मानिने उच्च ज्वरो र शरीरमा बिमिरा देखिनु अघि, हल्का ज्वरो, नाकबाट पानी बग्ने, खोकी लाग्ने जस्ता रुघाखोकीसँग मिल्दोजुल्दो लक्षण देखा पर्ने "Catarrhal Stage" सुरु हुन्छ। वास्तविक रूपमा पनि यो अवधिमा नै सङ्क्रमण क्षमता सबैभन्दा उच्च रहेको हुन्छ। यसका अतिरिक्त, लक्षण देखिनु भन्दा एक दिन अघिदेखि ज्वरो निको भएको तीन दिन पछिसम्म, वरपरका मानिसमा रोग सर्न सक्ने सम्भावना रहन्छ।
रोगको सङ्क्रमण क्षमता मापन गर्न "आधारभूत पुनरुत्पादन सङ्ख्या (R0)" भन्ने सूचकाङ्क प्रयोग गरिन्छ। यसलाई सरल रूपमा भन्नुपर्दा "एक जना सङ्क्रमित व्यक्तिले कतिजनालाई सार्छ?" भन्ने सूचकाङ्क हो। उदाहरणको लागि, हरेक वर्षको जाडोयाममा देशभरी व्यापक रूपमा फैलिने मौसमी इन्फ्लुएन्जाको सङ्क्रमण क्षमता लगभग 1.2 देखि 1.6, अर्थात् एक जनाबाट सर्ने मानिसको सङ्ख्या बढीमा दुई जनासम्म हुनसक्छ भनेर अनुमान गर्न सकिन्छ। अर्कोतर्फ दादुराको हकमा भने एकजना सङ्क्रमित व्यक्तिले 12 देखि 18 जनासम्मलाई रोग सार्ने सम्भावना रहन्छ।
विदेशबाट आउने यात्रुहरू मार्फत सङ्क्रमणका घटनाहरू बारम्बार देखा पर्ने गरेका छन्। दादुराको सुषुप्त अवधि करिब 10 दिनसम्म लामो हुने भएकोले, विदेशमा सङ्क्रमित भएका व्यक्तिहरू, लक्षण देखिनु अघि नै जापानभित्र विभिन्न स्थानमा यात्रा गरिसकेका हुन्छन्। साथै, सजिलै सङ्क्रमण हुन सक्ने "Catarrhal Stage"मा पनि, हस्पिटलमा नजँचाउने सम्भावना रहेको हुन्छ। परिणाम स्वरूप, सङ्क्रमित व्यक्तिसँग नजिकबाट सम्पर्कमा आएका व्यक्तिहरू पत्ता लगाउन गाह्रो हुन्छ। साथै संयोगवशः भेटिन पुगेका व्यक्तिबाट समेत सङ्क्रमण फैलिने भएकोले, यात्रा नगरेका स्वदेशभित्रका सङ्क्रमित व्यक्तिहरूको सङ्ख्या बढ्दै जान्छ।

## दादुराको सामना गर्दा ध्यान दिनुपर्ने कुराहरू

● **भ्याक्सिन लगाउने बारेमा**
दादुरा विरुद्ध भ्याक्सिनको प्रभावकारिता उच्च हुन्छ, जुन दुई पटक लगाउनाले उल्लेखनीय रूपमा सङ्क्रमणको जोखिमलाई कम गर्न सकिन्छ। प्रतिरोधी खोप लगाएपछि सङ्क्रमण भइहालेपनि, त्यसको लक्षणहरू हलुका हुनेछन् र अन्य व्यक्तिलाई सार्ने जोखिम पनि न्यून हुनेछ। टोकियो महानगर सरकारले दादुरा प्रतिरोधी खोप दुई भन्दा कम डोज लगाएका र पहिले दादुराबाट सङ्क्रमित भएको स्पष्ट इतिहास नभएका व्यक्तिहरूलाई, प्रतिरक्षा शक्ति छ कि छैन जाँच गर्ने एन्टीबडी परीक्षण र भ्याक्सिन लगाउने सम्बन्धमा स्वास्थ्य संस्थामा परामर्श गर्न आह्वान गरिरहेको छ।

● **विदेश यात्रा बारेमा**
विदेश यात्राको योजना बनाउनुभएका महानुभावले, मातृशिशु स्वास्थ्य पुस्तिका आदिमा प्रतिरोधी खोप लगाए नलगाएको चेक गर्नुहोला। दुई डोज भ्याक्सिन नलगाएका व्यक्तिहरूले यात्रा अगाडि लगाउने बारे विचार गर्नुहोला। साथै, विदेशबाट फर्किएको व्यक्तिले दुई हप्ता जति अवधिमा लक्षण देखिन सक्ने कुरामा सावधानी अपनाउनु होला।

● **हस्पिटलमा जँचाउने बेलामा अपनाउनुपर्ने सावधानी**
दादुराको प्रबल सम्भावना हुन सक्ने उच्च ज्वरो र शरीरमा बिमिरा देखा परेको छ भने, पहिला अस्पतालमा टेलिफोनबाट परामर्श लिएर, उक्त अस्पतालको मार्गनिर्देशन अनुसार जाँच गराउने गर्नुहोस्। यदि दादुरा रहेछ भने, जँचाउन आउँदा अन्य व्यक्तिमा पनि रोग सर्ने सम्भावना रहेकोले यस्तो गर्नुपरेको हो।

दादुराको विस्तृत विवरणका लागि यता

दादुरा, रुबेला रोकथामका उपाय बारेमा (टोकियो महानगर)

地方独立行政法人
東京都立病院機構

टोकियो मेट्रोपोलिटन हस्पिटल अर्गनाइजेसनले आफ्नो आधिकारिक LINE अकाउन्टमा स्वस्थ रहन उपयोगी हुने स्तभ लेखेर राख्ने या महानगरिय हस्पिटलहरूको जानकारीहरू सम्प्रेषण गर्ने गरिरहेको!

हाम्रो आधिकारिक LINE अकाउन्टमा फ्रेन्ड बन्नका लागि यताबाट

फर्निचर ढल्न रोक्ने प्रबन्धले ज्यान जोगाउँछ !!

# फर्निचर ढल्न रोक्ने उपाय


**भूकम्प कहिले आउने हो थाहा हुन्न ! 4 वटा बुँदाहरू चेक गरी, आफ्नो घरको सुरक्षा जाँच गरौँ।**

## बुँदा 1
### सुरक्षित स्थान सुनिश्चित गर्ने

- ☐घरमा राख्ने फर्निचरको सङ्ख्या घटाउने।
- ☐कोठाको प्रवेशद्वार नजिकमा क्यास्टर-चक्का भएको गुड्ने फर्निचरहरू नराख्ने।
- ☐भूकम्प आउँदा आगो सल्किनबाट जोगाउनको लागि, आगोको वरपर फर्निचरहरू नराख्ने।
- ☐सुत्ने कोठा, शिशु वा जेष्ठ नागरिक बस्ने कोठामा सकेसम्म फर्निचर नराख्ने।
- ☐फर्निचर माथि कुनै वस्तु नराख्ने।

## बुँदा 2
### फर्निचरलाई सहि रूपले जडान गर्ने, राख्ने, प्रयोग गर्ने


- ☐फर्निचरलाई ओछ्यानमा नलड्ने स्थानमा मिलाएर राख्ने।
- ☐फर्निचर ढलेपनि निस्कने बाटो अवरुद्ध नहुने तरिकाले राख्ने।
- ☐कार्पेट या तातामि-म्याटमा अग्लो फर्निचरहरू नराख्ने।
- ☐गह्रुङ्गो वस्तुलाई तल-तल राखेर सजिलै ढल्न नदिने।
- ☐अगाडि तिर झुकाउने भन्दा पछाडि तिर ढल्कने गरिराख्ने।





## बुँदा 3
### फर्निचर/ विद्‌तीय उपकरण ढल्नबाट जोगाउने

- ☐फर्निचर फिक्स गर्न प्रयोग हुने साधनहरू फर्निचरहरूको वजन या आकार अनुसार छनोट गर्ने।
- ☐कम्तिमा 2 खालको साधनले माथि र तलबाट फिक्स गर्ने। [पोल स्टाइल र स्टपर स्टाइल]
- ☐माथि र तल विभाजित फर्निचरलाई अवश्यपनि ब्राकेटले जोड्ने। [जोड्ने ब्राकेट]
- ☐अग्लो ठाउँ या अस्थिर ठाउँमा विद्‌तीय उपकरण नराख्ने।


**[पोल स्टाइल]**




**[स्टपर स्टाइल]**




**[जोड्ने ब्राकेट]**



## बुँदा 4
### थन्काइएका वस्तुहरू उछिट्टिनबाट जोगाउने

- ☐खुल्ने ढोका भएको फर्निचरमा ढोका खुल्न नदिने स्टपर जडान गर्ने।
- ☐सिसाको ढोकामा फुटेर उछिट्टिन रोक्ने प्लास्टिक-फिल्म टाँस्ने।
- ☐भाँडाकुँडा राख्ने दराजमा भाँडाकुँडा नझर्ने गरी, नचिप्लने शीट टाँस्ने।
- ☐टिभी र टिभी राख्ने र्याकको बीचमा कम्पन सोस्ने टाँसिने म्याट राख्ने।
- ☐बिना ढोकाका सामान राख्ने फर्निचरमा, सामान झर्नबाट जोगाउने बार लगाउने या टेप टाँस्ने।

**फर्निचरहरू ढल्नबाट जोगाउने उद्देश्यले स्क्रु-कीला ठोक्ने औजार आदि प्रयोग गरी भित्तामा प्वाल पार्दा, व्यास 9mm र गहिराइ 2.5cm सम्मको प्वाल भए घर छोड्दा पहिलेकै अवस्थामा पुनर्स्थापना गर्नुपर्ने दायित्वबाट माफी पाइँन्छ।**

**(यस निगममा सम्पर्क गर्न वा आवेदन दिन आवश्यक छैन)**


# जेष्ठ नागरिक लक्षित "रेखदेख सेवा"को परिचय

**JKK टोकियोले JKK आवासमा जेष्ठ नागरिक भएका घरपरिवारको वृद्धिलाई मध्यनजरमा राखेर, व्यावसायिक कम्पनीसँग साझेदारी गरी, सेन्सर जस्ता उपकरण मार्फत रेखदेख सेवा प्रदान गर्दै आएको छ।**
**यस सेवा प्रयोग गर्न इच्छुक महानुभावले, निम्न सोधपुछ ठेगानामा आवेदन दिनुहोस्।**

## यामातो परिवहन "कुरोनेको रेखदेख सेवा"

**मासिक रकम 1,738 येन (कर सहित)**

**जेष्ठ नागरिक लक्षित "रेखदेख सेवा" भन्नाले...**
सञ्चार क्षमता जडित LED बल्ब "हेलो-लाइट"लाई दैनिक रूपमा प्रयोग हुने शौचालय आदिमा जडान गरी, एक निश्चित समय बल्ने/ निभ्ने गरेको निश्चय गर्न नसकेमा, अग्रिम रूपमा दर्ता गर्नुभएको सूचित गर्नुपर्ने स्थानमा सम्पर्क गरिने छ।




अघिल्लो दिन बिहान 9:00 बजेबाट त्यस दिनको 8:59 बजे बीचमा बल्ब ON/OFF भएको निश्चय गर्न नसकेमा, असाधारण अवस्था स्वरूप, त्यस दिन बिहान 9:00 ~ 10:00 बजे बीचमा अग्रिम रूपमा सेट गरिएको इमेल या LINE मा सूचित गरिने छ।

**आवेदन तथा सोधपुछ ठेगाना**

**यामातो-परिवहन कुरोनेको रेखदेख सेवा सोधपुछ काउन्टर**
**टेलिफोन: 0120-86-2220**
खुल्ने समय 9:00 ~ 18:00 (वर्षैभरी खुल्ला रहने)

दायाँको द्विआयामी कोडमा एक्सेस गरेमा आवेदन स्क्रिनमा जान्छ।

# केही आवेदन प्रक्रिया अनलाइनबाट समेत दिन सकिने छ

**JKK आवासमा बसोबास गर्नुहुने समस्तले अझै निर्धक्क भएर बसोबास गर्न सक्नुहोस् भनेर, रेखदेख प्रणालीलाई सुदृढ बनाउने एवम् आपत्कालीन अवस्थामा शीघ्र तथा प्रभावकारी रूपमा सेवा प्रदान गर्ने उद्देश्यले, निम्न दुई प्रकारका निवेदनहरूको हकमा अनलाइन आवेदन लिन सुरु गरिएको छ। यस निगमको वेबसाइटमा रहेको सार्वजनिक आवासको आवेदन प्रक्रिया सम्बन्धी जानकारी (公社住宅の申請手続きのご案内) हेरी, अवश्य यस सेवाको उपयोग गर्नुहोला।**

1. आकस्मिक सम्पर्क ठेगाना परिवर्तनको सूचना दर्ता
2. घरमा कोही नहुने अवधिको सूचना दर्ता

दायाँको द्विआयामी कोडमा एक्सेस गरेमा "सार्वजनिक आवासको आवेदन प्रक्रिया सम्बन्धी जानकारी"मा एक्सेस गर्न सकिन्छ।

# आवासको आवरण परिवर्तन बारेमा

**आवास भित्र नवीनीकरण गर्ने जस्ता आवरण परिवर्तन गर्नुपर्दा, आवासको सुरक्षार्थ अग्रिम रूपमा यस निगममा आवेदन दिई अनुमोदन प्राप्त गर्नुपर्ने आवश्यकता रहन्छ। आवस भित्रको आवरण परिवर्तन गर्नुपर्दा, पृष्ट 12 "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)"को टेलिफोन नम्बर ① मा परामर्श गर्नुहोस्।**

## अनुमोदन प्राप्त गर्नुपर्ने आवरण परिवर्तनहरू (एक दृष्टान्त)

**प्यासेज या लिभिङ रूमहरूमा समाले-बार या एक्स्ट्रा साधन जडान गर्न चाहेको। ***



*जेष्ठ नागरिक या शारीरिक रूपमा अशक्त महानुभावको हकमा, भित्रै आवेदन दिनुभयो भने, निगमको खर्चमा समाले-बार जडान आदि गर्न मिल्ने हुनसक्छ।

**क्यामेरा सहितको इन्टरफोन जडान गर्न चाहन्छु।**



**डिस वासर जडान गर्न चाहन्छु।**



**"आवासको आवरण परिवर्तन आदि निमित्तको अनुमोदन आवेदन" पेस गर्नुपर्ने आवश्यकता रहन्छ।**

- **आफ्नै खर्चमा जडान कार्य गर्नु पर्नेछ।**
- **भित्री विवरण अनुसार अनुमोदन नहुन पनि सक्छ। (ठाउँ विस्तार गर्ने वा डिजाइन बदल्ने/ साझा ठाउँको आवरण परिवर्तन गर्ने कार्य भने अनुमोदन हुँदैनन्।)**
- **सिद्धान्ततः कोठा छोड्दा पहिले कै अवस्थामा पुनर्स्थापना गरिदिनु पर्ने हुन्छ।**



| | |
|---|---|
| **संलग्न कागजात** | •कोठाको फ्लोर लेआउट नक्साहरू (आवरण परिवर्तन गर्ने ठाउँ थाहा हुने नक्सा। हातले कोरेको भएपनि चल्छ।)<br>•जडान गरिने उत्पादनको क्याटलग आदि (प्रतिलिपि भए पनि हुन्छ।)<br>•अन्य कागजात आवश्यक पर्ने हुनसक्छ। |
| **प्रक्रिया अपनाउने ठाउँ** | •खान्-रि जिमुस्यो (व्यवस्थापन कार्यालय) अथवा कार्यक्षेत्र अन्तर्गतको काउण्टर अफिस |

## आवेदन दिनु नपर्ने आवरण परिवर्तनहरू (एक दृष्टान्त)

| शीर्षक | लागु |
|---|---|
| **कङ्क्रिट प्लग**<br>( भित्ताहरूमा ड्रिल गरेर प्वाल पारी स्क्रु-कीला छिराउँदा प्रयोग हुने चिज ) | •फर्निचरजन्य वस्तुहरू फिक्स गर्नुपर्दा<br>•प्वाल (व्यास 9mm र गहिराइ 2.5cm सम्म)<br>*इलेक्ट्रिक सुइच/ प्लग घुसाउने कन्सेन्ट/ करेन्ट-ब्रेकर नजिकै जडान गर्न पाइँदैन। |
| **एयर-कन्डिशनर आदिको जडान** | •एयर-कन्डिशनरको बाहिरी युनिट राख्ने ठाउँ र ड्रेनको पानी निकास गर्न सकिने व्यवस्था भएको अवस्थामा<br>•झ्यालमा प्यानल राखेर हावा आउजाउ गर्ने भेन्ट जडान गरी, एयर-कन्डिशनरको बाहिरी सेटलाई बरन्डामा जडान गर्ने हो भने<br>•साझा प्यासेज तर्फ फर्किएको कोठामा एयर-कन्डिशनर निमित्तको स्लीभ/ प्लग घुसाउने कन्सेन्ट छ भने<br>*विस्तृतमा यस निगमको वेबसाइट हेर्नुहोस्।<br>सार्वजनिक आवासमा एयर-कन्डिशनर जडान गर्ने विचारमा रहनु भएका समस्तमा |

# पानी चुहावटका दुर्घटना प्रति सावधानी अपनाऔँ

दैनिक जीवनयापन गरिरहँदा असावधानी भएर पानी चुहावटका दुर्घटना घट्ने गरेको छ। पानी चुहावटका दुर्घटनाले आफू मात्र अप्ठेरोमा पर्ने नभएर, तल्लो तलका व्यक्तिलाई पनि दुःख दिने हुन्छ।

## पानी चुहावटका दुर्घटना नघट्ने गरी, तलका कुरामा ख्याल राखौँ।



**वासिङ मेसिनको पानी आपूर्ति द्वार/ पानी निकासी द्वार राम्ररी जोडिएको छ छैन, अहिले फेरि एकचोटि यकिन गरौँ।**



**प्रवेशद्वारको भुइँ, शौचालयको भुइँ तथा बाल्कोनीमा पानी नबगाऔँ।**



**बाहिर निस्कने बेलामा, धारा इत्यादिको टुटि राम्ररी बन्द गर्ने गरौँ।**



**वासिङ मेसिन/ किचेन/ हातमुख धुने ठाउँ/ नुहाउने ठाउँहरूको पानी निकासी द्वारलाई बारम्बार सफा गर्ने गरौँ।**

*केहीगरी असावधानीको कारणले अन्य घरपरिवारको घरायसी सामानहरूमा पानीले क्षति पुग्न गयो भने, क्षतिपूर्ति आफैँले तिर्नुपर्ने हुन आउँछ।

# हानिनोक्सानी बिमामा सामेल हुने बारे विचार गरौँ

JKK आवासमा बसोबास गर्ने यहाँहरूले भुक्तानी गर्ने गर्नुभएको घरभाडा या साझा खर्चहरूमा, आगलागी हुँदाको घरायसी सामान बिमा या हर्जाना दायित्व बिमाहरूका शुल्क समावेश छैन। आइपर्न सक्ने परिस्थितिलाई मनन गरेर, पानी चुहावट लगायतले आफ्ना घरायसी सामान या तेस्रो पक्षको हानिनोक्सानीमा क्षतिपूर्ति गर्न मिल्ने, हानिनोक्सानी बिमामा सामेल हुने बारे विचार गरौँ।

| | | |
|---|---|---|
| **घरायसी सामान बिमा** | बसोबासीको घरायसी सामानप्रतिको क्षतिपूर्ति | अगलागी वा पानीजन्य दुर्घटना भएको अवस्थामा, भाडामा बस्ने व्यक्तिको घरायसी सामान आदिमा भएको क्षतिको क्षतिपूर्ति |
| **घर-भाडावाल हर्जाना दायित्व बिमा** | भाडा मालिकप्रतिको क्षतिपूर्ति | अगलागी या पानीजन्य दुर्घटना घटाउन पुगेमा, भाडा मालिकप्रति हानिनोक्सानी हर्जाना दायित्व स्वरूप क्षतिपूर्ति |
| **व्यक्तिगत हर्जाना दायित्व बिमा** | तेस्रो पक्षप्रतिको क्षतिपूर्ति | अरू व्यक्तिको सामान बिगार्दा, चोटपटक लगाउँदाको हानिनोक्सानी हर्जाना दायित्व स्वरूप क्षतिपूर्ति |

पुनश्चः बिमा व्यवसाय ऐनमा तोकिए अनुसार, बिमाका विषयवस्तु या सहजीकरण सम्बन्धी सोधपुछमा यस निगमले बोल्न मिल्दैन। ग्राहकवर्ग स्वयंले सम्बन्धित बिमा कम्पनीमा सिधैँ सोधपुछ गर्नुहुन अनुरोध छ।

# तातोपानी आपूर्ति उपकरण प्रतिस्थापन-कार्य सम्बन्धमा सूचित गरिन्छ

## •JKK टोकियोले तातोपानी आपूर्ति उपकरण जडान गरेको कोठा बारे

व्यवस्थापन सुरु भएदेखि नै सबै आवास इकाइहरूमा तातोपानी आपूर्ति उपकरण (पानी तताउने उपकरण, नुहाउने पानी तताउने उपकरण) जडान गरिएका आवासहरूमा (आर्थिक वर्ष 1983 वा त्यसपछि निर्मित), उपकरण फेर्ने समयअनुसार हाम्रो संस्थाले योजनाबद्ध रूपमा प्रतिस्थापन कार्य गर्दै आएको छ।
व्यवस्थापन सुरु हुँदाका बेला तातोपानी आपूर्ति उपकरण जडान नगरिएका आवासहरूमा (आर्थिक वर्ष 1983 वा त्यसअघि निर्मित), खाली आवासको मर्मत कार्य आदिको क्रममा हाम्रो संस्थाले तातोपानी आपूर्ति उपकरण जडान गर्दछ। कोठा अनुसार जडान गरिएको समयाकाल फरक पर्ने भएकोले, नवीकरण समय आइपुगेका कोठा पिच्छे व्यक्तिगत रूपमा जानकारी गराउँदै प्रतिस्थापन कार्य गर्दै आएको छ।

*ग्राहकवर्ग आफैँले बाथटब/ बाथटबको पानी तताउने मेसिन जडान गरेको अवस्थामा भने दायरा भन्दा बाहिर परिने हुन्छ।

## •"ग्राहकवर्ग" आफैँले बाथटब/ बाथटबको पानी तताउने मेसिन जडान गरेको कोठा बारे

यस संस्थाले नै बाथटब, तातोपानी आपूर्ति उपकरण प्रतिस्थापन गरिदिए हुन्थ्यो भन्ने इच्छा राख्नुहुन्छ भने, निम्नानुसार आवेदन लिइरहेका छौँ।

*प्रतिस्थापन अघिको बाथटब/ बाथटबको पानी तताउने मेसिन हटाउने खर्च भने ग्राहकवर्गले बेहोर्नु पर्नेछ।

## "बाथटब/ तातोपानी आपूर्ति उपकरण जडान-कार्य" को आवेदन बारे

| | |
|---|---|
| **दायरामा पर्ने घरपरिवार** | ग्राहकवर्ग आफैँले बाथटब/ बाथटबको पानी तताउने मेसिन जडान गरेका सबै घरपरिवार |
| **घरभाडा** | हाल भुक्तान गरिरहनु भएको घरभाडाको चार प्रतिशत बराबर रकम वृद्धि हुनेछ। तथापि, 1 स्थानमा तातोपानी आपूर्ति (बाथरुम) हुने अवस्थामा 3 प्रतिशत बराबर हुनेछ। |
| **तातोपानी आपूर्ति पद्धति** | केही आवास बाहेक, 2 स्थानमा तातोपानी आपूर्ति (बाथरुम र किचेन) हुनेछ।<br>*Minami Suna Jyutaku, पुनर्निर्माण छनौट आवास तथा परियोजनामा समावेश आवासमा 1 स्थानमा तातोपानी आपूर्ति (बाथरुम) हुनेछ। |

तातोपानी आपूर्ति उपकरणहरू प्रतिस्थापन गर्ने क्रममा, उपकरण अर्डर गरेको समयदेखि त्यसको आपूर्तिसम्म, एक निश्चित समय लाग्ने कुरामा, यहाँहरूको समझदारी हुनेछ भन्ने अपेक्षा राख्दछौँ।

**सोधपुछ ठेगाना**

**•तातोपानी आपूर्ति पद्धति आदि सम्बन्धी सोधपुछ ठेगाना**

⇒ पृष्ठ 12 "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)"को टेलिफोन नम्बर ② मा

**•आवेदन पत्रको विषयवस्तु आदि सम्बन्धी सोधपुछ ठेगाना**

⇒ पृष्ठ 12 "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)"को टेलिफोन नम्बर ① मा

***आवेदन फाराम लिने दिने काम, आफू बसोबास गर्ने आवास गृहको खान्-रि जिमुस्यो (व्यवस्थापन कार्यालय)ले गर्छ।**

# कतै जोखिमयुक्त प्रयोग त गरिराख्न भएको छैन? यान्त्रिक पद्धतिको पार्किङ स्थल उपयोग बारे

**दैनिक रूपमा उपयोग हुने यान्त्रिक पद्धतिको पार्किङ स्थलमा, गलत चलाइको कारण गम्भीर दुर्घटना निम्तिने खतरा हुन्छ।**
**पार्किङ स्थल भित्र हुने दुर्घटना रोक्नको लागि, निम्न बुँदाहरूमा ध्यान दिएर सुरक्षित रूपमा उपयोग गरौँ!**

## □सवारी चालक बाहेक अरू कोही पार्किङ यन्त्र भित्र प्रवेश नगर्ने



मालसामान लोड-अनलोड गर्नुपर्दा, गलत रूपमा चलाइने वा चल्ने हुन सक्छ, तसर्थ अनिवार्य रूपमा पार्किङ यन्त्र बाहिर लोड-अनलोड गर्ने गर्नुहोस्।



सहयात्री चढ्ने/ ओर्लने कार्य, भित्र थुनिने दुर्घटनाको कारक बन्न सक्ने भएकोले, अनिवार्य रूपमा पार्किङ यन्त्र बाहिर गर्ने गर्नुहोस्।




आफ्नो बालबालिका आदि सहयात्री भित्र नछुटेका कुरा अनिवार्य रूपमा चेक गर्नुहोस्।

## □पार्किङ यन्त्र भित्र या वरपर अवरोध हुने वस्तु या मानिसहरू नभएको आफ्नै आँखाले निश्चय गर्ने




पहिलेदेखि नै सधैँ आफ्ना बालबालिकालाई यान्त्रिक पार्किङ स्थलमा खेल्न नदिनुहोस्। अनिवार्य रूपमा पार्किङ यन्त्र भित्र या वरपर कोही मानिस नभएको निश्चय गरेर मात्र पार्किङ यन्त्र चलाउनुहोस्।



पार्किङ स्थलमा गाडी प्रवेश गराउँदा वा निकाल्दा, ह्वात्त अघि नबढाइ, वरपरको मानिसहरूको सुरक्षालाई ध्यानमा राखि बिस्तारै अघि बढ्नुहोस्।

## □कन्ट्रोल-प्यानलको बटनलाई कुनै साधनहरूले थिचेर नचल्ने गरी नराख्ने

**कन्ट्रोल-प्यानलको बटनलाई कुनै साधनहरूले थिचेर नचल्ने गरी नराख्नहोस्।**
धेरै जसो पार्किङ यन्त्रको कन्ट्रोल-प्यानलको बटन, सुरक्षाको निमित्त बटनबाट हात निकाल्नासाथ बन्द हुने बनाइएको हुन्छ। अन्य साधनहरूले थिचेर राख्यो भने सुरक्षा प्रकार्यले काम नगर्ने हुन्छ र, तत्काल रोक्न नमिल्ने भई, गम्भीर दुर्घटना निम्तिने खतरा हुन्छ।




⚠ **सावधान**

**कन्ट्रोल-प्यानलबाट टाढा नभई सुरक्षा जाँच गर्दै चलाउनुहोस्। कुनै असामान्य अवस्था वा खतरा महसुस भएमा तुरुन्त उपकरण सञ्चालनलाई रोक्नुहोस्।**
***चलाइरहेको बेलामा आफ्नो बालबालिकालाई उपकरणको नजिक आउन नदिन सावधानी अपनाउनुहोस्।**

* पार्किङ स्थलमा टायर, गाडीका सरसामान र अन्य व्यक्तिगत सामानहरू नराख्न हुन अनुरोध छ।

# आचुमारे (भेला होऊ) !
# JKK Kids


युउ, दुई महिना हुँदाको
पहिलो स्माइल⭐


तोगो र हाकु
दुईजना मिलेर पापा खाँदै


घर सजाएर जन्मदिनको पार्टी मनाएको!
सोउ-तारोउ 2 वर्ष

फोटो पठाउने दर्खास्त खुल्ला छ♪

**JoyLiV मा आफ्नो बालबच्चाको फोटो छाप्ने होइन त?**

## UTOJIRA भएको चित्र बनाउने आर्ट कन्टेस्ट

**यस निगमले, "हितो-तो कुरासि-व आत्ताकाकु (मानिस तथा तिनको जीवनमा न्यानोपना)" नामक थीम राखेर, UTOJIRA पात्रलाई समावेश गरिएको चार प्यानल माङ्गा-कमिक्सको आन्तरिक प्रतियोगिता आयोजना गरेको थियो। उत्कृष्ट स्थान हासिल गरेका सहभागीहरूको रचना यहाँ प्रस्तुत गरेका छौँ।**

| | | | |
|---|---|---|---|
| टाइटल | UTOJIRA को रमाइलो शब्द-खेल (बालबालिका हुर्काइ संस्करण) | रचना बारेमा | JKK टोकियोले आजसम्मपनि अनि भविष्यको लागि पनि, उच्च माध्यमिक विद्यालयका बेसबल खेलाडीहरूको जोस जत्तिकै उत्साहका साथ टोकियोका बालबालिका हुर्काइलाई आफ्नो तर्फबाट टेवा प्रदान गर्छ। |



# "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)" को टेलिफोन नम्बर

**सोमबार एवम् बिदाको भोलिपल्ट टेलिफोन लाइन व्यस्त भएर सम्पर्क गर्न कठिन हुने हुन सक्छ।
हतार नभएका महानुभावले अन्य दिनमा सम्पर्क गर्नुहोला।**

**खुल्ने समय** बिहान 9 बजेदेखि बेलुकी 6 बजेसम्म (शनि / आइत / सार्वजनिक बिदा / वर्षान्त तथा नयाँ वर्षका बिदाहरूमा बाहेक)

## ①सबै प्रकारको प्रक्रिया, घरभाडा भुक्तानी, आवास सम्बन्धी परामर्श

ナビダイヤル 0570-03-0031

☎ 03-6279-2962

## ②रिफर्मको आवेदन, सोधपुछ

पानी चुहिने आदि भएर आकस्मिक रिफर्म कार्य, दुर्घटना वा आगलागी हुँदा, धारामा पानी आउन टुटे, बसोबास गर्नेको आरामबिराम सम्बन्धी आकस्मिक कार्यको लागि **24 सै घण्टा 365 दिनै टेलिफोन सेवा प्रदान**

ナビダイヤル 0570-03-0032

☎ 03-6279-2963

- नेभिगेसन डायलिङमा कल गर्दा, विभिन्न मोबाइल फोन सेवा प्रदायकले प्रदान गर्ने निःशुल्क भोइस कल या फ्ल्याट रेट भोइस कल प्लान दायरा भन्दा बाहिर पर्नेछ। साथै, तपाईंले प्रयोग गरिराख्न भएको फोन लाइन या डिभाइस अनुसार कल महसुल फरक पर्नेछ। महसुल गाइडान्सको वा नेभिगेसन डायलिङको वेबपेजबाट निश्चय गर्नुहोला (नेभिगेसन डायलिङमा कल लगाएपछि, सुरुमा उद्घोष हुने महसुल गाइडान्स सम्मलाई कल महसुल लाग्दैन)
- "बासिन्दा कोड (क्योज्यू-स्या कोदो)" बताउनु भयो भने, सोधपुछमा लाग्ने समय छोट्याउन सकिन्छ।

विभिन्न जानकारी या प्रक्रिया/ रिफर्महरू सम्बन्धमा "प्राय सोधिने प्रश्नहरू"का लागि यता ▶

आवास-गृह भित्रको रिफर्म फर्म भर्ने "रिफर्म कन्त्याक फर्म"को लागि यता ▶

# JKK आवासको भाडा आदि भुक्तानी गर्ने खाताबाट स्वचालित कटौती दर्ता गर्न आवश्यक छ।

| खाताबाट स्वचालित कटौतीको प्रक्रिया | ①फाराम भर्ने | ②बैङ्कमा पेस | ③बैङ्कबाट सूचना प्राप्त *स्वचालित कटौती सुरु हुने महिनाको सुरुमा | ④स्वचालित कटौती सुरु *सोही महिनाको रकम हरेक महिनाको 7 तारिखमा खाताबाट कटौती हुन्छ। |
|---|---|---|---|---|

*खाताबाट स्वचालित कटौतीको अनुरोध फाराम व्यवस्थापन कार्यालय वा ग्राहक सेवा काउन्टरमा उपलब्ध छ। हुलाकबाट पठाइदिए हुन्थ्यो भन्ने चाहना राख्न हुन्छ भने ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)मा सम्पर्क गर्नुहोला।

**उपयोग गर्न मिल्ने संस्था या तीनका प्रक्रियागत विधिहरू, टेलिफोन अथवा वेबसाइटबाट पनि यकिन गर्न सक्नु हुनेछ।**

**सोधपुछ ठेगाना** "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)"को टेलिफोन नम्बर ① मा

**वेबसाइट एड्रेस** https://www.to-kousya.or.jp/

←2D कोड स्क्यान गर्दा खाताबाट स्वचालित कटौतीसम्बन्धी पृष्ठ खुल्छ।

# JKK सँग आबद्ध निर्माण-कार्य गर्ने कार्यालयले विपद् प्रभावित क्षेत्रमा गरेको सहायताको परिचय

JKK टोकियोले, सन् 2025 अक्टोबरमा आएको ताइफुनका कारण ठूलो क्षति व्यहोरेको हाचिज्योउ-जिमा टापु (टोकियो महानगरको हाचिज्योउ-माचि सहर)को पुनर्निर्माण सहायताको लागि, टोकियो महानगरको अनुरोधमा JKK सँग आबद्ध साना तथा आकस्मिक मर्मत कार्य गर्ने निर्माण कार्यालयलाई प्रभावित क्षेत्रमा खटाएको थियो।

सबै निर्माण कार्यालयका सबैजना मिलेर, विपद् प्रभावितहरूलाई बसोबास गराउने हाचिज्योउ-माचि सहरद्वारा सञ्चालित आवासहरूको मर्मत गर्नको लागि, सन् 2025 अक्टोबरदेखि कुल चार पटक, आफ्ना कर्मचारीहरूलाई प्रभावित क्षेत्रमा पठाएर मर्मत कार्यमा सङ्लग्न गराइदिनु भएको थियो।

दुर्गम टापु भएकोले, उक्त स्थानीय क्षेत्रमा सधैँ प्रयोगमा आउने निर्माण सामग्री तथा औजारहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसक्ने अवस्था निरन्तर रहीरहन गयो, जसले गर्दा कार्यतालिकामा ढिलाइ हुने चिन्ता थियो, यद्यपि यस कठिन परिस्थितिको बीचमा समेत मर्मत कार्यलाई क्रमशः अघि बढाइयो। फलस्वरूप, बिना कुनै ढिलाइ काम पुरा गर्न सकियो र विपद् प्रभावितहरूको लागि आवास सुनिश्चित गर्ने प्रयास गरेकोमा, हाचिज्योउ-माचि सहरका जनताहरूले आफ्नो कृतज्ञता व्यक्त गर्नु भएको थियो।

आउँदा दिनमा पनि निर्माण कार्यालयहरूले गर्ने कार्य तथा गतिविधिप्रति यहाँहरूले बुझेर सहयोग गरिदिनु हुनेछ भन्ने अपेक्षा छ।

सहायता प्रदान गर्ने निर्माण कार्यालयहरू

**Yokoyama Kensetsu Co., Ltd., Shimizu Komuten Co., Ltd., Hashizume Komuten Co., Ltd., Tama Jutaku Hozen Co., Ltd., Tama New Town Service Co., Ltd., and Nakao Co., Ltd.**